बैठक संख्या: १।२०८२-२०८३
बैठक मिति:२०८२।०४।०८ दिनको २:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

आज मिति २०८२।०४।०८ गते विहिबार दिनको २:०० बजे रामधुनी नगरपालिकाका नगर प्रमुख श्री शंकरलाल चौधरीज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्न प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

<u>उपस्थिति</u>

| क्र.सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री शंकरलाल चौधरी | नगर प्रमुख (अध्यक्ष) | [signature] |
| २ | श्री तारा थापा | नगर उप प्रमुख | [signature] |
| ३ | श्री महेश कुमार चौधरी | वडाध्यक्ष वडा नं. १ | |
| ४ | श्री राम नारायण चौधरी | वडाध्यक्ष वडा नं. २ | [signature] |
| ५ | श्री बुध नारायण चौधरी | वडाध्यक्ष वडा नं. ३ | [signature] |
| ६ | श्री कमल कार्की | वडाध्यक्ष वडा नं. ४ | [signature] |
| ७ | श्री लेखनाथ बास्तोला | वडाध्यक्ष वडा नं. ५ | |
| ८ | श्री शिव शंकर राजधामी | वडाध्यक्ष वडा नं. ६ | [signature] |
| ९ | श्री केशव गौतम | वडाध्यक्ष वडा नं. ७ | |
| १० | श्री सुरेन्द्र सिंह खवास | वडाध्यक्ष वडा नं. ८ | [signature] |
| ११ | श्री घनश्याम चौधरी | वडाध्यक्ष वडा नं. ९ | |
| १२ | श्री राजेन्द्र कुमार साह | कार्यपालिका सदस्य | [signature] |
| १३ | श्री सोम कुमारी सुनुवार | कार्यपालिका सदस्य | [signature] |
| १४ | श्री पुनम देवी वि.क. | कार्यपालिका सदस्य | [signature] |
| १५ | श्री शुशिला ढुंगाना | कार्यपालिका सदस्य | [signature] |
| १६ | श्री भगवती खड्का | कार्यपालिका सदस्य | |
| १७ | श्री सरिता परियार | कार्यपालिका सदस्य | [signature] |
| १८ | श्री कमली चौधरी मोची | कार्यपालिका सदस्य | [signature] |
| १९ | श्री पवित्रा कुमारी चौधरी | कार्यपालिका सदस्य | [signature] |
| २० | श्री ~~प्रमोद कुमार चौधरी~~ विरेन्द्र सिग्देल | नि.प्रमुख प्रशासकीय अधिकृत | [signature] |



CamScanner

बैठक संख्या: १।२०८२-२०८३
बैठक मिति:२०८२।०४।०८ दिनको २:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

| अन्य उपस्थितिः कर्मचारी | | | |
|---|---|---|---|
| १ | श्री सत्य नारायण चौधरी | जिन्सी शाखा प्रमुख | |
| २ | श्री सरोज कोईराला | सूचना प्रविधि अधिकृत | |
| ३. | श्री निरज चौधरी | स.क.प. | |
| | | | |
| | | | |

**प्रस्तावहरु.**

१. प्रस्ताव नं. १: रामधुनी मन्दिरमा धर्मशाला निर्माण सम्वन्धमा ।

२. प्रस्ताव नं. २: विविध ।

**निर्णयहरु**

**निर्णय नं.१**

निम करौली वावा सेवा समिति रामधुनी - ५ द्वारा रामधुनी मन्दिर परिषरभित्र DPR बमोजिमको धर्मशाला निर्माण कार्य गर्नका लागि आवश्यक सहमति दिने निर्णय गरियो । साथै उक्त धर्मशाला निर्माण कार्य सम्पन्न भएपश्चात निम करोली वावा सेवा समितिले सो कार्यको सम्पूर्ण स्वामित्व रामधुनी नगरपालिका लाई हस्तान्तरण गर्नु पर्ने निर्णय गरियो ।

**निर्णय नं.२(क)**

रामधुनी नगरपालिकाका नगर प्रमुख ज्यूको संयोजक्तवमा नगर उप-प्रमुख, मा. राम प्रसाद मेहता, कार्यपालिका सदस्यज्यूहरु, रामधुनी न.पा. का पूर्व नगर प्रमुख, विभिन्न राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिज्यूहरू, समाजसेवी बुद्धिजीवी , पत्रकार तथा रामधुनी न.पा. का कर्मचारीहरु द्वारा तपसिलका नगर स्तरिय ठूला/ नगर गौरवका आयोजनाहरुको अवलोकन तथा अनुगमन गरियो ।

तपसिलः

१. धुराहा खेल मैदानको प्यारापिट वडा नं. ९

CamScanner

२. छप्की पोखरी ( चिल्ड्रेन पार्क) वडा नं. ९
३. प्याबसन बस्ती तथा उराँव सङ्ग्रहालय वडा नं. ८
४. १०८ धारा - रामधुनी मन्दिर वडा नं. ४
५. नगर स्तरिय अस्पताल - बक्लौरी वडा नं. ६

**निर्णय नं.२(ख)**

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय को योजना तथा अनुगमन ईकाई कोशी प्रदेश विराटनगर को च.न. यो.अ.ई./२० मिति २०८२।०४।०२ गतेको पत्रानुसार राय सहितको विवरण पठाउने सम्बन्धमा जानकारी अवगत भयो। उक्त सम्बन्धमा शिक्षा सेवाका कर्मचारी लाई शिक्षा शाखा प्रमुख नबनाइएको साथै इन्जिनियरिङ सेवाका कार्यरत कर्मचारी करार तथा ज्यालादारिमा रहेको र रिक्त रहेको पदको विवरण समेत पठाउन नगर कार्यपालिका कार्यालय लाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.२(ग)**

रामधुनी मन्दरि परिषरभित्र हाल संचालन भईरहेको पुराण कथा बाचन कार्यका लागि पुजा सामाग्री माग भएकोमा आवश्यक्ता र औचित्यता समेत हेरी सामान्य सहयोग गर्ने र सो खर्चको भुक्तानी आर्थिक साहयता शीर्षक बाट गर्ने निर्णय गरियो ।

**निर्णय नं.२(घ)**

रामधुनी न.पा. वडा नं. २ को शिवनगर मा.वि. अगाडिको नहरमा अवस्थित कन्क्रिटपुल मर्मत गर्नका लागि प्राविधिक लागत अनुमान बमोजिम मर्मत गर्ने र सोको भुक्तानी चालु आ.व. को मर्मत संभार कोष बाट दिने निर्णय गरियो ।



CamScanner